२०७९ मंसिर २० गते तदनुसार (December 6, 2022) मंगलबारको बैठकमा पेश भएका कार्यसूचीहरु :

१. संघीय समपूरक अनुदानको लागि योजना छनौट सम्बन्धमा ।
२. प्रदेश समपूरक अनुदानको लागि योजना छनौट सम्बन्धमा ।
३. दीर्घ रोगीहरुलाई औषधी उपचार खर्च सहयोग गर्ने बजेट सम्बन्धमा ।
४. लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान कार्यक्रम खर्च अनुमोदन र बजेट व्यवस्था सम्बन्धमा ।
५. जग्गा रजिष्ट्रसन सिफारिस सम्बन्धमा ।
६. न्यायिक समिति अभिलेख व्यवस्थापक सेवा करार गर्ने सम्बन्धमा ।

## २०७९ साल मंसिर २० गते मंगलबारको बैठकका निर्णयहरु:

निर्णय नं.१: संघीय समपूरक अनुदानको लागि तपसिल अनुसारको योजनाहरु यस गाउँपालिकाबाट छनौट गरी माग गर्ने निर्णय आजको कार्यपालिका बैठकबाट सर्वसम्मत गरियो । **तपसिल:**

१. वडा कार्यालय तथा स्वास्थ्य भवनहरु ( वडा नं.१, २, ४, ५, ६, ८, स्वास्थ्य भवन ८ नं. वडामा)

निर्णय नं.२. प्रदेश समपूरक अनुदानको लागि तपसिल अनुसारको योजनाहरु यस गाउँपालिकाबाट छनौट गरी माग गर्ने निर्णय गरियो । **तपसिल:**

१. दुधकोशी हिलेपानी लिफ्टिङ खानेपानी योजना (अधुरो)
२. पंखुखोला मोली खानेपानी लिफ्टिङ योजना (अधुरो)

निर्णय नं.३. नेपाल सरकार, स्वास्थ्य मन्त्रालयबाट मिति २०७८/१२/१३ मा स्वीकृत भएको मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीहरुलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ ले व्यवस्था गरे अनुसार मासिक पाँच हजार रुँपैयाका दरले त्रैमासिक रुपमा महिनाको अन्तिम दिन स्थानीय तहले लाभग्राहीको बैंक खातामा जम्मा गर्नुपर्ने र दफा ५ अनुसार स्थानीय तहले स्वास्थ्य मन्त्रालयबाट अर्धवार्षिक रुपमा शोधभर्ना गर्नेछ भन्ने व्यवस्था भएको हुँदा तत्काल त्यस्ता बिरामीहरुलाई खर्च गाउँसभाबाट विनियोजन भएको शीर्षक **दीर्घरोगीहरुलाई आर्थिक सहायता** बाट उपलब्ध गराउने र पछि स्वास्थ्य मन्त्रालयबाट शोधभर्ना लिने निर्णय गरियो ।

निर्णय नं.४: लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान कार्यक्रम अन्तरगत गाउँपालिकाको महिला तथा बालबालिका शाखाले गाउँपालिका अन्तरगतका ९ वटै वडामा सञ्चालन गरेको कार्यक्रम बापतको खर्च विविध कार्यक्रम बजेट शीर्षकबाट शोधभर्ना भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.५.कश्यप गोत्रीय अधिकारी वंश प्रतिष्ठान, जिल्ला कार्य समिति, ओखलढुङ्गाको मिति २०७९/०८/१९ को चलानी नं.०१ को पत्रानुसार जग्गा पासको लागि निर्णय र सिफारिस माग भइ आएको हुदाँ आजको कार्यपालिका बैठकमा छलफल गरियो । यस मानेभन्ज्याङ गाउँपालिका वडा नं. ७ माझीगाउँस्थित यनीखर अधिकारीका नातीहरु भवनाथ अधिकारीका छोराहरु क्रमश मेगनाथ अधिकारीबाट कि.नं.४३२ क्षेत्रफल ०-७-०-०, दिलनाथ अधिकारीबाट कि.नं.४३३ क्षेत्रफल ०-७-०-०, वेदनाथ अधिकारीबाट कि.नं.४३४ क्षेत्रफल ०-७-०-०, तुलसीराम अधिकारी कि.नं. ४३५ क्षेत्रफल ०-६-०-० बाट ससिउ कित्ता पास गरी क्षेत्रफल जम्मा १-११-०-३ जग्गा संस्थालाई दान गर्ने भनी सिफारिस माग भइ आएको हुँदा सिफारिस दिने निर्णय गरियो । साथै

जग्गा पांस गर्ने अख्तियारी कश्यप गोत्रीय अधिकारी वंश प्रतिष्ठानलाई दिने निर्णय आजको कार्यपालिका बैठकले सर्व सम्मतिले गरियो ।

निर्णय नं.६. यस गाउँपालिकाको न्यायिक समितिको सचिवालयमा आएका उजुरीहरुको रेकर्ड व्यावस्थापन गर्न, दर्ता गर्न तथा त्यसको अभिलेख राखी व्यवस्थित गर्नको लागि १ जना कर्मचारी अति आवश्यक भएको हुनाले गाउँसभाबाट विनियोजन भएको शीर्षक **न्यायिक समिति अभिलेख व्यवस्थापक सेवा करार** बाट १ जना कर्मचारी न्यायिक समितिको सचिवालयमा कार्य गर्ने गरी नियुक्ती गर्ने निर्णय गरियो ।